# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (५) संख्या (८) बाराहा, उदयपुर १ नं प्रदेश नेपाल
२०७८/१०/७

## भाग-२

# पशुपंक्षी बधशाला स्थापना कार्यक्रम संचालन कार्यविधि-२०७८

लिम्चुङबुङ गाउँ सभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संबत् २०७८ सारको कार्यविधि नं ०८**

# पशुपंक्षी बधशाला स्थापना कार्यक्रम संचालन कार्यविधि-२०७८

## १. प्रस्तावना

मासु तथा मासु जन्य पदार्थ उत्पादन तथा उत्पादकत्वमा आधारित व्यवसायिक पशुपालन एवं मासु, माछा, अण्डा, छाला तथा प्वाँखको प्रवर्द्धनको लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने नीति, पशुपंक्षि वधशाला स्थापना कार्यक्रम रहेको हुदा उक्त कार्यक्रम संचालन गर्नको लागि मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यवसायिक बनाउदै स्वच्छ, सफा, स्वस्थ एवम गुणस्तरीय पशु तथा पशुजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि यस गाउँपालिकाबाट संचालन हुने पशुपंक्षी बधशाला स्थापना कार्यक्रम लागत साझेदारीको आधारमा निश्चित बिधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखि संचालन हुन सकोस भन्ने अभिप्रायले लिम्चुङबुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यपालिकाबाट "पशुपंक्षी बधशाला स्थापना कार्यक्रम संचालन कार्यविधि, २०७८" स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम " पशुपंक्षी बधशाला स्थापना कार्यक्रम संचालन कार्यविधि-२०७८" रहेको छ ।

(ख) यो कार्यविधि लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

### २. परिभाषा

**विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

क) "पशुपंक्षी बधशाला स्थापनाकार्यक्रम संचालन कार्यविधि-२०७७" भन्नाले बधशाला निर्माणकार्यक्रम संचालनको लागि विधि भन्ने वुझिन्छ ।

ख) "पशुपंक्षी बधशाला" भन्नाले उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ एवं गुणस्तरीय मासु तथा मासुजन्य उत्पादनहरु विक्री वितरण गर्ने हेतुले प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको मासु बिक्रि स्थल तथा मासु पसल भन्ने सम्झनु पर्दछ ।

ग) "सम्बन्धित गाउँपालिका" भन्नाले लिम्चुङबुङ गाउँपालिका भन्ने बुझ्नु पर्छ ।

घ) "पशु सेवा शाखा" भन्नाले लिम्चुङबुङ गाउँपालिका अर्न्तगतको पशु सेवा शाखा भन्ने बुझ्नु पदर्छ ।

ङ) "परियोजना"भन्नाले यस लिम्चुङबुङ गाउँपालिकाबाट संचालन हुने अध्यक्ष कृषि परियोजनालाई सम्झनु पर्दछ ।

च) "सम्बन्धित जिल्ला" भन्नाले उदयपुर जिल्लालाई सम्झनु पर्दछ ।

### ३. उद्देश्य

यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेको छ ।

क) अध्यक्ष कृषि परियोजनाको प्रतिवद्धता अनुरुप पशुपंक्षिजन्य पदार्थको व्यवसाय प्रवर्द्धन गर्ने ।

ख) स्वच्छ, स्वस्थ एवम गुणस्तरीय मासु तथा मासुजन्य उत्पादन, प्रशोधन, विविधिकरण, विक्रि वितरण तथा उपलब्धता सुनिश्चित गर्नमा सघाउ पुऱ्याउने ।

ग) बजार सञ्जालको विकास एवं व्यवस्थित बजार सूचना प्रणालीको विकास गर्ने ।

घ) पशु तथा पशुजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र सचेतना अभिवृधिमा सघाउ पुऱ्याउने ।

ङ) पशुपंक्षी तथा पशुपंक्षीजन्य पदार्थको सहज आपूर्ति सुनिश्चित गर्न आपूर्ति स्थिति अनुगमन गर्ने ।

च) पशुपंक्षी तथा पशुपंक्षीजन्य पदार्थको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।

## परिच्छेद-२

## पशुपंक्षी बधशाला स्थापना कार्यक्रम संचालन विधि

**४. कार्यक्रम संचालन हुने स्थान :**

लिम्चुङबुङ गाउँपालिकाको बजार लाग्ने सम्भावित क्षेत्रमा विस्तार तथा लागु गरिने छ ।

**५ व्यवसायी साझेदार सम्बन्धि व्यवस्था :**

**क**) सम्बन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम कार्यक्रमहरु संचालनका लागि मासु व्यवसायी संघ वा समिति, कृषक समूह, मासु उद्यमी वा व्यापारी आदिको साझेदारी गर्न गराउन सकिनेछ ।

**ख**) साझेदारी कार्यक्रममा सम्बन्धित कार्यालयले मासु पसल सुधार कार्यक्रमको लागि कार्यालयको तर्फबाट ५० प्रतिशत र साझेदारको तर्फबाट ५० प्रतिशत गरी कार्यक्रम संचालन गरिनेछ ।

**ग**) एक पटक अनुदान प्राप्त गरीसकेपछि व्यवसायीले कम्तिमा ५ वर्ष अनिवार्य व्यवसाय अवधि तोकिनेछ ।

**घ**) अनुदानग्राहीले अनुदानको सदुपयोग भए नभएको निरिक्षण गर्दा अनुदानको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

**६. प्रस्ताव आह्वान र पेश गर्ने प्रकृया**

**क**) पशुपंक्षी बधशाला स्थापना गर्नको लागि गाउँपालिकाबाट ......... दिने सूचना निकालि आवेदनहरु संकलन गरिनेछ । यदि माथि उल्लेखित समयमा कुनै पनि आवेदन नआएको खण्डमा पुन् सूचना गरिनेछ ।

**ख**) ईच्छुक व्यवसायीहरुले सूचनामा उल्लेख भए बमोजिमको अवधि भित्र अनुसूचि २, अनुसूचि ३, अनुसूचि ४, सम्बन्धि कागजातहरु र अनुसूचि ५ बमोजिमको निवेदन सहित निर्धारित समय सिमा भित्र सम्बन्धित कार्यलयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

**ग**) रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।

**७. मूल्याङ्कन तथा छनौट समिति : १**) सम्बन्धित कार्यालयले दफा ६ खण्ड (ख) बमोजिम पेश हुन आएका प्रस्तावहरु मूल्याङ्कन गर्नको लागि पालिका स्तरमा रहेको **कृषि विकास समिति**ले गर्नेछ ।

**२**) उपदफा १ बमोजिमको समितिले मूल्याङ्कन गर्नु भन्दा अगाडी आवेदकबाट पेश भएका प्रस्तावहरुको अनुसूचि ७ बमोजिमको स्थलगत अनुगमन गर्नको लागि सम्बन्धित विषयको प्राविधिक कर्मचारी खटाई निजले पेश गरेको प्रतिवेदनको आधारमा अनुसूचि ६ वमोजिमको फर्मेटको मापदण्ड अनुसार छनौट गरिनेछ ।

**३**) यसरी अनौट भएका आवेदकलाई ७ दिन भित्र द्विपक्षिय सम्झौताका लागि बोलाईनेछ ।

**८. द्विपक्ष्यि सम्झौता :** १) सम्बन्धित कार्यलयले दफा ७ को उपदफा (२) बमोजिम छनौट भएका आवेदकहरुसंग साझेदारी कार्यक्रम संचालन गर्न अनुसूचि ८ बमोजिम द्विपक्षिय सम्झौता गरिनेछ ।

२) द्विपक्षिय सम्झौतामा उल्लेखित बुदाहरुलाई साझेदारी कार्यक्रम संचालनको मूल आधार मानिनेछ ।

**९. भूक्तानी प्रकृया :** सामान्यतया अनुदान रकमको भूक्तानी कार्य सम्पादनको प्रगतिको आधारमा सम्बन्धित साझेदारलाई पेश्कि वा एकमुष्ट भूक्तानी दिईनेछ ।

**१०. पशुपंक्षी बधशाला स्थापना कार्यक्रम :**

१) मासु व्यवसायी संघ वा समिति, कृषक समूह, मासु उद्यमी वा व्यापारी संगको लागत साझेदारीहरुमा पशुपंक्षी बधशाला स्थापना कार्यक्रम संचालन गरिनेछ ।

**क**) लिम्चुङबुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पशु सेवा शाखाले पशुपंक्षी बधशाला स्थापना कार्यक्रम संचालन गर्नको लागि वार्षिक स्वीकृत कार्यक्रम बजेट यसै कार्यविधिको परिच्छेद २ को दफा ६, ७, ८ र ९ बमोजिम प्रस्ताव आह्वान, छनौट, सम्झौता र भूक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

**ख**) कार्यक्रम संचालन गर्दा मासुको कारोबारमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने मासु व्यवसायी संघ वा समिति, कृषक समूह, मासु उद्यमी वा व्यापारीले प्राथमिकता पाउनेछन् ।

**ग**) कार्यक्रम सकभर गाउँपालिकाको घना बस्तिहरु तथा व्यापारीक केन्द्रलाई लक्षित गरी संचालन गरिनेछ ।

**घ**) निर्माण वा सुधार गरिएको वधशाला वा मासु पसल स्थानिय वा नियमानुसारको सरकारी निकायमा दर्ता गरेको हुनुपर्नेछ । यदि दर्ता नगरी संचालन गरेको छ भने अनिवार्य दर्ता गर्नु पर्नेछ ।

**ङ**) सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यको लागि खर्च गर्न सकिनेछ ।

१. स्वच्छ पानीको व्यवस्था (हिल ट्याङ्क, पाईप जडान आदि)
२. मासु पसलको कोठा बनाउने, भित्ता र भूईमा टायल लगाउने वा, विछयाउने ।
३. मासु काट्ने ठाउमा मार्वल सहितको स्लाप निर्माण ।
४. पशुवस्तु वध गर्दा निस्कने फोहोर व्यवस्थापन ।
५. पशुको जात अनुसारको मासु अलग अलग राखी बेच्नको लागि शिशाको पार्टिसन ।
६. पशुवस्तु काट्ने, भुत्ल्याउने र सफा गर्ने स्थान निर्माण ।
७. ताजा मासु राख्ने डिफफ्रिज, फ्रिज आदीको व्यवस्था ।
८. उपकरण खरिद जस्तै : मासु झुन्ड्याउने हुक, , कुखुराको प्वाख झास्ने उपकरण(ग्यास सहित),चक्कुहरु, तराजु, अचानो,

. **च**) सुधारिएको मासु पसलको सामान्य स्वरुप स्थान विशेष आवश्यकता मुताविक सम्बन्धित कार्यालयको परामर्श बमोजिम हुनुपर्दछ ।

## परिच्छेद-३
## विविध

**११. अनुगमन तथा मूल्यांकन** : यस कार्यक्रमको अनुगमन लिम्चुङबुङ गाउँपालिका कृषि बिकास समिति तथा पशु सेवा शाखा र वडा कार्यलय तथा पशु सेवा केन्द्रले समेत गर्न सक्नेछ र सोको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धिहरु लिम्चुङबुङ गाउँपललिकाको कार्यलय तथा अध्यक्ष कृषि परियोजनामा पेश गरिनेछ ।

**१२. प्रचलित कानून लागू हुने :**
कार्यक्रम कार्यन्वयनको सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१३. बाधा अड्काउ फुकाउने :**

**१**) कार्यविधि कार्यन्वयनको सन्दर्भमा लिम्चुङबुङ गाउँपालिका कार्यपालिकाबाट आवश्यक निर्णय गर्न सकिनेछ।

२) कार्यविधि कार्यन्वयनमा बाधा अडचन आइपरेमा वा विवाद उत्पन्न भएमा लिम्चुङबुङ गाउँपालिका पशु सेवा शाखाको निर्णय अन्तिम हुनेछ ।

**३**) कार्यविधिलाई आवश्यकता अनुसार लिम्चुङबुङ गाउँपालिकाको कार्यपालिकाबाट खारेजि वा संशोधन गर्न सक्नेछ ।

**अनुसूचि-१**
**दफा ६ खण्ड (क) संग सम्बन्धित**
**लिम्चुङबुङ गाउँपालिका**
**गाउँकार्यापालिकाको कार्यालय**
**(पशु सेवा शाखा)**
**बाराहा, उदयपुर**

**प्रथम पटक प्रकाशित मिति :-२०७.../..../....**

**सूचना ।** **सूचना ॥** **सूचना ॥।**

यस कार्यालयको आ.व. ................ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपंक्षी वधशाला स्थापना(मासु पसल निर्माण तथा सुधार) कार्यक्रम सञ्चालन गर्न पर्ने भएको हुदा ईच्छुक मासु व्यवसायी संघ वा समिति, कृषक समूह, मासु उद्यमी वा व्यापारीले यो सूचना प्रकाशन भएको मितिले .........दिन सम्ममा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्न हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने समेत व्यहोरा जानकारी गराईन्छ ।

**तपसिल :**
१. अनुसूचि २ अनुसारको प्रस्ताव पत्र ।
२. अनुसूचि ३  अनुसारको प्रतिवद्धता पत्र ।
३. अनुसूचि ४ अनुसारको वडा कार्यालयको सिफारिस पत्र ।
४. सहकार्यको लागि रु.१० को टिकट टाँस गरेको निवेदन ।  लिजमा लिएको जग्गा भए कम्तिमा १० वर्षको करारनामा वा सम्झौता पत्र ।
५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
६. लिजमा लिएको जग्गा भए कम्तिमा १० वर्षको करारनामा वा सम्झौता पत्र ।
७. व्यवसाय संग सम्बन्धि तालिम भए सो को प्रतिलिपी ।
८. व्यवसाय दर्ता भए दर्ता, नविकरणको प्रतिलिपी

थप जानकारीको लागि मोबाईल नं. .................. मा सम्पर्क गर्न हुन अनुरोध छ ।

**अनुसूचि-२**
**दफा ६ खण्ड (ख) संग सम्बन्धित**
**प्रस्ताव पत्रको नमूना**

| क) प्राविधिक प्रस्ताव | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्व्यन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क नम्बर | |
| ६ | आवेदकको व्यवसायको भ्याट/ दर्ता नम्बर | |
| ७ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| ८ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने लागत रु. | |
| ९ | सम्बन्धित कार्यालय संग माग लागत रु. | |
| १० | प्रस्तावित कार्याक्रमको उद्देश्य | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १०.१ | | | | | | | | | | | | |
| १०.२ | | | | | | | | | | | | |
| १०.३ | | | | | | | | | | | | |
| ११ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु | | | | | | | | | | | |
| ११.१ | सडक सुविधा (छ / छैन) | | | नजिकको वजारको नाम | | | | | | | | |
| ११.२ | कस्तो सडक छ (कच्चि / पक्की) | | | वजार सम्मको दुरी (कि.मि.) | | | | | | | | |
| ११.३ | बिजुलीको सुविधा (छ / छैन) | | | सदरमुकाम देखिको दुरी (कि.मि.) | | | | | | | | |
| ११.४ | खनेपानीको सुविधा (छ / छैन) | | | जग्गाको स्वामितव (आफ्नै / लिज) | | | | | | | | |
| ११.५ | आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन, यन्त्र उपकरणको किसिम र संख्या उल्लेख गर्ने | | | | | | | | | | | |
| | क.सं. | विवरण | | इकाई | | अवस्था | | | | | | |
| | | | | | | | | | | | | |
| १२ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापको विवरण | | | | | | | | | | | |
| १२.१ | | | | | | | | | | | | |
| १२.२ | | | | | | | | | | | | |
| १२.३ | | | | | | | | | | | | |
| १३ | कृयाकलाप कार्यन्व्यन योजना | | | | | | | | | | | |
| | सि.नं. | क्रियाकलाप | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | बैशाख | जेष्ठ | अषाढ | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| १४ | प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) | | | | | | | | | | | |
| १४.१ | | | | | | | | | | | | |
| १४.२ | | | | | | | | | | | | |
| १५ | आवेदकसंग विद्यमान जनशक्ति विवरण | | | | | | | | | | | |
| | सि.नं. | जनशक्तिको विवरण | दक्षता (शैक्षिक योग्यता//तालिम) | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**ख) आर्थिक प्रस्ताव**

प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण

| क.सं. | मुख्य क्रियाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर रु. | कुल लागत रकम रु | प्रस्तावकको योगदान रु. | मग गरिएको अनुदान रकम रु. | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| | | | | जम्मा रु. | | | | |
| | | | | भ्याट रु. | | | | |
| | | | | कुल जम्मा रु. | | | | |

माथि उल्लेखित सम्पुर्ण विवरणहरु सही रुपमा पेश गरेको छु, कहिकतै झुटो ठहरिएमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउदछु/छौ ।

| प्रस्ताव आवेदकको | |
|---|---|
| नाम : | |
| पद : | |
| हस्ताक्षर : | |
| मिति : | |
| संस्था/फर्म/समुह/समितिको छाप : | |

नोट : आवश्यकता अनुसार लाईन थप गर्न वा पेज सेटअफ मिलाउन सकिनेछ।

अनुसूचि-३
दफा ६ खण्ड (ख) संग सम्बन्धित
लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र

श्री लिम्चुङबुङ गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय पशु सेवा शाखा, बाराहा उदयपुरको मिति २०...../...../..... को सूचना अनुसार यस लिम्चुङबुङ गाउँपालिका गाउँकार्यपालिका वडा नं. ...., ................मा बस्ने श्री ............................ ले लागत साझेदारीमा ................................................ कार्यक्रम संचालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु. ...................को ........ प्रतिशतले हुन आउने रु ................ अक्षरेपी .................. बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु।

निवेदक
दस्तखत :
नाम :
मिति :

अनुसूचि-४
दफा ६ खण्ड (ख) संग सम्बन्धित
वडा कार्यालयको सिफारिस पत्र

श्री लिम्चुङबुङ गाउँपालिका
गाउँकार्यापालिकाको कार्यालय,
बाराहा, उदयपुर ।

विषय : मासु पसल निर्माण तथा सुधार सम्बनधमा ।

श्री लिम्चुङबुङ गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय पशु सेवा शाखा, बाराहा उदयपुरको मिति २०...../...../..... को सूचना अनुसार यस लिम्चुङबुङ गाउँपालिका गाउँकार्यपालिका वडा नं. ...., ............... स्थायी ठेगाना भएका वर्ष ...... का श्री .................................. ले लागत साझेदारीमा ............................................... कार्यक्रम संचालनका लागि उपयुक्त भएकोले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिन हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्ने
दस्तखत :
नाम :
मिति :

अनुसूचि-५
दफा ६ खण्ड (ख) संग सम्बन्धित
निवेदनको ढाँचा

श्री लिम्चुङबुङ गाउँपालिका
गाउँकार्यापालिकाको कार्यालय,
बाराहा, उदयपुर ।

विषय : मासु पसल निर्माण तथा सुधार सम्बनधमा ।

लिम्चुङबुङ गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय पशु सेवा शाखा, बाराहा उदयपुरको सूचना नं. ...... को मिति २०...../...../..... को सूचना अनुसार म निवेदकले तपशिलमा उल्लेखित कागजात संलग्न राखि ......................................................... कार्यक्रम लागत साझेदारीमा संचालन गर्न ईच्छुक भएकोले आवश्यक कार्यवाहीको लागि यो निवेदन पेश गर्दछु ।

निवेदक
दस्तखत :
नाम :
मिति :

| क्र.सं. | संलग्न कागजात | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**अनुसूचि-६**
**दफा ७ उपदफा (२) संग सम्बन्धित**
**प्रस्तावकको मूल्याङ्कन**

| क्र.सं. | मूल्याङ्कनका आधार | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आवेदक सम्बन्धि | | |
| १.१ | **संस्था वा फर्म सञ्चालन भएको अवधि** | **१५** | |
| १.१.१ | १ देखि ३ वर्ष सम्म | १ | |
| १.१.२ | ३ देखि ६ वर्ष सम्म | २ | |
| १.१.३ | ६ देखि ९ वर्ष सम्म | ३ | |
| १.१.४ | ९ देखि १२ वर्ष सम्म | ४ | |
| १.१.५ | १२ वर्ष भन्दा माथि | ५ | |
| **१.२** | **कार्यक्रम कार्यान्वन स्थलको भौतिक पूर्वाधारको अवस्था** | **१५** | |
| १.२.१ | पूर्वाधारको अवस्था | ३ | |
| १.२.२ | सडकको सुविधा भएको | ३ | |
| १.२.३ | विजुलिको सुविधा भएको | ३ | |
| १.२.४ | खानेपानीको सुविधा भएको | ३ | |
| १.२.५ | जग्गा स्वामित्व आफ्नै भएको | ३ | |
| **१.३** | **प्राविधिक दक्षता/ सम्बन्धित विषयको तालिम** | **१५** | |
| १.३.१ | ७ दिन सम्मको तालिम | १ | |
| १.३.२ | ७ देखि १५ दिन सम्मको तालिम | २ | |
| १.३.३ | ३० दिन अवधि सम्मको तालिम | ३ | |
| १.३.४ | ३ महिना सम्मको तालिम | ४ | |
| १.३.५ | ३ महिना भन्दा बढि अवधिको तालिम | ५ | |
| **१.४** | **बितिय क्षमता** | **४** | |
| १.४.१ | साझेदारीको प्रतिवद्धता सामेल भएको | २ | |
| १.४.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिवद्धता भएको | २ | |
| **१.५** | **प्रत्यक्ष लाभाम्वित संख्या** | **१५** | |
| १.५.१ | ५ जना सम्म | १ | |
| १.५.२ | ६ देखि १० जना सम्म | २ | |
| १.५.३ | ११ देखि १५ जना सम्म | ३ | |
| १.५.४ | १६ देखि २० जना सम्म | ४ | |
| १.५.५ | २१ भन्दा बढि | ५ | |
| **१.६** | **वातावरणिय उपयुक्तता** | **४** | |
| १.६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आँकलन गरिएको | २ | |
| १.६.२ | वातावरणीय प्रभाव न्यूनिकरणका उपाय सामेल गरिएको | २ | |
| **१.७** | **अन्य पक्षहरु** | **६** | |
| **१.७.१** | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | २ | |
| **१.७.२** | संस्थाको उपस्थिति र प्रस्तावित कार्यक्रम संचालन स्थल विचको तादात्म्यता | २ | |
| **१.७.३** | भैरहेको व्यवसाय नभई लगानी गर्न खोजिएको सम्बन्धित नयाँ व्यवसाय | २ | |
| **१.८** | **स्वीकृति कार्यविधि अनुसार थप आधार** | **२६** | |
| १.८.१ | आवेदक संस्थाको किसिम र सूचना मुताविक सम्बन्धित कार्यलयको प्राथमिकता | २ | |
| १.८.२ | **प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर** | **८** | |
| १.८.२.१ | आर्थिक प्रस्तावको गुणस्तर | ४ | |
| १.८.२.२ | प्राविधिक प्रस्तावको गुणस्तर | ४ | |

| | | | |
|---|---|---|---|
| १.८.३ | **व्यवसायिक कार्ययोजना स्पस्टता** | ५ | |
| १.८.४ | **पेश भएका विवरणको विश्वासनियता** | ११ | |
| १.८.४.१ | सम्बन्धित वडा कार्यलयको सिफारिस | २ | |
| १.८.४.२ | सम्बन्धित फर्म वा व्यक्तिको निवेदन | २ | |
| १.८.४.३ | स्थानिय वासिन्दाबाट विरोध नहुने प्रतिवद्धता | १ | |
| १.८.४.४ | लेखा परिक्षण प्रतिवेदन/कर चुक्ता प्रमाण पत्र | १ | |
| १.८.४.५ | आधिकारिक निकायमा दर्ता नविकरण | ५ | |
| | **जम्मा** | १०० | |

**अनुसूचि-७**
**दफा ७ उपदफा (२) संग सम्बन्धित**
**स्थल प्रमाणिकरण मूल्याङ्कन फारम**

**क) सामान्य जानकारी :**

**१. जिल्ला :**
**२. आवेदकको नाम :**
**३. कार्यक्रम संचालन स्थलको ठेगाना :**
**४. प्रस्तावित कार्यक्रमको नाम :**
**५. स्थलगत प्रमाणिकरण मिति :**
**६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीहरुको विवरण :**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**ख) आवेदकको मूल्याङ्कन :**

| सि.नं. | विवरण | प्रमाणिकरणमा भेटिएको अवस्था |
|---|---|---|
| **१** | **भौतिक क्षमता** | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्व छ /छैन | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयास छ /छैन | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपलब्ध हुन सक्ने सम्भावना छ /छैन | |
| १.४ | बाढी पहिरोले क्षति पुऱ्याउन सक्ने सम्भावना छ /छैन | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ /छैन | |
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त छ /छैन | |
| **२** | **प्राविधिक क्षमता** | |
| २.१ | प्रस्तावित कार्यक्रम संग मेल खाने कृयाकलापमा हाल संलग्नता छ /छैन | |
| २.२ | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवस्था छ / छैन | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम तथा अनुभव प्राप्त छ / छैन | |
| **३** | **वितिय क्षमता** | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ / छैन | |
| ३.२ | बैंक मौज्दात वा हाल संचालित कारोवारको वचत छ / छैन | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ /छैन | |
| **४** | **वातावरणिय उपयूक्तता** | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुन सक्ने अवस्था छ /छैन | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकारात्मक असर पुग्न सक्ने अवस्था छ /छैन | |

| | | |
|---|---|---|
| **५** | **अन्य पक्ष** | |
| ५.१ | संस्थागत /व्यवसायिक कृयाशिलता सन्तोषजनक छ / छैन | |
| ५.२ | दर्ता/ नविकरण /करचुक्ता/ अडिट आदि अद्यावधिक छ / छैन | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ / छैन | |
| ५.४ | उत्पादित वस्तुको सहज वजारिकरण हुन सक्ने अवस्था छ / छैन | |
| **६** | **स्थलगत प्रमाणीकरण टोलीको राय** | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ / छैन | |

**ग) आवेदक संग विद्यमान भवन, सवारी साधन, ठुला मेसिनरी र उपकरणको विवरण :**

| **सि.नं.** | **विवरण** | **संख्या** | **अवस्था** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**घ) स्थलगत प्रमाणिकरणमा भेटिएका केहि थप विवरण :**

**ङ) स्थलगत प्रमाणिकरण टोलीको राय :**

**स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदक संग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ हुदैन भनि राय पेश गर्ने ।**

..................................................................................................................................................................
..................................................................................................................................................................
..................................................................................................................................................................
...............

**स्थलगत प्रमाणिकरण टोलीको दस्तखत :**

**अनुसूचि-८**
**दफा ८ उपदफा १ संग सम्बिन्धित**
**कार्यन्वयनको लागि सम्झौता-पत्र**

लिम्चुङबुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यलय पशु सेवा शाखा को आ.व. २०.../.... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गर्न लिम्चुङबुङ गाउँपालिकाको कार्यलय पशु सेवा शाखा, उदयपुर (यस पछि प्रथम पक्ष भनिने) र श्री .................................................................. (यस पछि दोस्रो पक्ष भनिने) बीच कार्यक्रम प्रभावकारी रुपमा संचालन तथा अनुगमन गर्न तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गरि द्विपक्षिय सम्झौता गरिदियौँ/लियौँ ।

**तपशिल :**

१. प्रथम पक्षले यस कार्यक्रमको लागि विनियोजित रकम रु ...........(अक्षरेपी ..........) दोस्रो पक्षलाई आर्थिक अनुदान वा सामाग्री सहयोग प्रदान गर्नेछ ।

२. दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरी उदयपुर जिल्ला लिम्चुङबुङ गा.पा. वडा नं. ....., ........... भन्ने स्थानमा यस आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र ईस्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

४. कार्यक्रम संचालनको लागि आवश्यक निर्माण सम्बन्धि डिजाईन, ईष्टिमेट, सुपरभिजन र कार्य सम्पन्न प्रतिवेदन लगाएतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवाणी, संचालन र जग्गाको व्यवस्था आदी दास्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्य सम्पादन प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भूक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोस्रो पक्षको बैंक खातामा एकमुष्ठ भूक्तानी दिनेछ वा कार्य सम्पादन प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई वरावर किस्ता वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान रकम भूक्तानी गर्नेछ ।

६. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगि निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

८. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत संभार, व्यवस्थापन, जोखिम, र दिगोपनाका लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दास्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धि एंव कारोवार सम्बन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०.कार्यक्रम संचालनको दौरानमा कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

११.सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१२.द्विपक्षिय सम्झौता मुताविकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्ष रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

१३.दास्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, ईस्टिमेट र दरभाउ मेसिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्ष संग स्विकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्षले रकम भूक्तानी दिन बाध्य हुने छैन ।

**दोस्रो पक्षको तर्फबाट :**
हस्ताक्षर :
नाम :
पद :
समुहको छाप :

**प्रथम पक्षको तर्फबाट :**
हस्ताक्षर :
नाम :
पद :
कार्यलय :
कार्यलयको छाप :

**आज्ञाले**
टार्जन कुमार लिम्बु
(प्रमुख प्रशासकीय अधिकृत)

प्रकाशित मितिः २०७८/१०/१०